# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : डिभिजन वन कार्यालय, सोलुखुम्बु , सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | बद्री प्रसाद पौडेल | २०७८-८-११ | २०७९-१-२४ |
| कार्यालय प्रमुख | बिशाल घिमिरे | २०७७-८-११ | २०७८-८-२३ |
| कार्यालय प्रमुख | इन्द्रमणि भण्डारी | २०७९-१-२५ | |
| लेखा प्रमुख | निर कुमार मग्राती | २०७७-४-१ | २०७९-१-७ |
| लेखा प्रमुख | भीष्म राज जोशी | २०७९-१-७ | |
| | | **बेरुजु रकम** | ३,२५६,८४८ |

बिनियोजन तर्फ :

| क्रम | बजेट उपशीर्षक | बार्षिक बजेट | खर्च/निकासा | पेस्की |
|---|---|---|---|---|
| १ | ३०७००१०४ | १,००,००० | १,००,००० | ० |
| २ | ३०७०२०१२ | ३,०९,९९,००० | २,३३,१०,३६५.४९ | ० |
| ३ | ३०७०२१०२ | २०,००,००० | १७,७२,२१८.९९ | ० |
| ४ | ३०७०२१०३ | ७६,००,००० | ७३,४६,८१४ | ० |
| ५ | ३०७०२१०४ | ५२,८०,००० | ४९,१०,३७२ | ० |
| ६ | ३०७९११२० | १६,४४,००० | १३,८८,२४७.८ | ० |
| ७ | ३०७९११२१ | ३३,००,००० | २४,९७,८८० | ० |
| ८ | ३०७९११२३ | २५,००,००० | २४,९९,५०० | ० |

राजस्व तर्फ :

| शीर्षक | गत बर्षको लगत बाँकी | असुली/दाखिला | बाँकी लगत | नगद बाँकी |
|---|---|---|---|---|
| १४२१९ | ० | ५,००,७४१.२९ | ० | ० |
| १४२२९ | ० | ९५,०२५ | ० | ० |
| १४२६४ | ० | १,५०० | ० | ० |
| ३३३६१ | ० | १,१६,७३० | ० | ० |

धरौटी तर्फ :

| गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | फिर्ता रु | सदरस्याहा रु | बाँकी रु |
|---|---|---|---|---|---|
| ५,५७,५०२.४१ | ७,११,०२५.१३ | १२,६८,५२७.५४ | ५,१२,९७७ | ० | ७,५५,५५०.५४ |

कार्य सन्चालन कोष तर्फ :

| नाम | गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | खर्च रु | बाँकी रु |
|---|---|---|---|---|---|
| विविध | ७२० | २,२०,००० | २,२०,७२० | १,२४,५११.९९ | ९६,२०८.०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>प्रदेश सरकार प्रदेश नं.१ मातहत रहेको यस कार्यालयले जिल्ला भित्रको वन सम्बन्धी गतिविधीको संचालन नियन्त्रण तथा प्रचलित कानून बमोजिम वन सम्बन्धीका अन्य कृयाकलापहरु संचालन गर्ने गरी मातहत ४ सव- डिभिजन कार्यालयहरु समेत राहेको छ । जिल्ला सदरमुकाम स्थित डिभिजन वन कार्यालय र अन्य स्थानमा सव डिभिजन कार्यालयले वन सम्बन्धी कृयाकलाप संचालन गर्ने गरेको छ । | |
| २ | | | **जिन्सी सहायक खाताः**<br>महालेखा नियन्त्रक कार्यालयको पत्र संख्या २०७६/७७, च नं १, मिति २०७६/४/१ को पत्र अनुसार माननीय महालेखापरीक्षक ज्यू बाट स्वीकृत भएका म ले प फारमहरु प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम कार्यालयले म ले प फारम ४१२ बमोजिमको ढाँचामा मालसामान बुझिलिने र बुझाउनेको नाम र दस्तखत, मालसामानको नाम, परिमाण, स्पेशिफिकेशन, सामानकको पहिचान नं, मोडल नं, सामान बुझाएको र फिर्ता गरेको मिति र मुल्य समेत खुलाइ जिन्सि सहायक खाता राख्नुपर्ने व्यवस्था छ। कार्यालयले जिन्सी सहायक खाता राखेको पाइएन ।तोकिएको ढाँचामा जिन्सि सहायक खाता राख्नु पर्दछ। | |
| ३ | | | **सेवा प्रवाह र अनुगमन प्रतिवेदन**<br>कार्यालयवाट प्रवाह हुने सेवा सम्बन्धमा सेवाहरुको वर्गिकरण सहित तोकिए बमोजिमको मुल्यांकन प्रतिवेदन अनुगमन गर्ने निकायमा समेत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष आफुले सम्पादन गरी उपलब्ध गराएका सेवाहरुको वार्षिक प्रतिवेदन तयार नगरेकोले सेव प्रवाह सम्बन्धमा थप उल्लेख गर्न सकिएन । | |
| ४ | | | **खरिद कार्यको अभिलेख** | |
| ४.१ | | | सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्ने व्यवस्था छ । कार्यालयले ठेक्कावाट गराएका कामको अभिलेख राखेको पाइएन । | |
| ४.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा कार्यालयले खरिद कार्वाहिको अभिलेख राखि लेखापरीक्षणमा पेश गराएको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रणः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ मा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन ।<br>· कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन<br>· कार्यालयले सार्वजनिक लेखा समितिका सुझाव र निर्देशनहरुको सम्वन्धमा अभिलेख राखेको पाइएन<br>· सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।<br>· भ्रमण खर्च नियमावली २०६४ को नियम २१ वमोजिमकार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भ्रमण अभिलेख खाता राखेको पाइएन।<br>· सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन।<br>· सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्मको फारमहरुको व्यवस्था रहेकोमा कार्यालयले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· कार्यालयले तोकिएको ढाँचामा जिन्सी निरिक्षण गरेको पाइएन। लिलाम मर्मत गर्नुपर्ने समान लिलाम मर्मत गरेको पाइएन ।<br>· म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था भएकोमा आंशिक रुपमा राख्ने गरेको पाइयो।<br>· सवारी साधन सन्चालनको लगवुक संलग्न राख्ने गरेको पाइएन। | |
| ६ | | | **जग्गा स्वामित्व र खरिद कार्य** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | **व्यक्तिगत जग्गामा घर निर्माण:**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नु अघि भुक्तानी गर्न रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जडीवुटी भण्डारण गर्ने घर निर्माण गर्ने प्रयोजनको लागि सहकारी/समुह मार्फत प्रस्ताव आह्वान गरी उक्त कार्यमा रु.१० लाख व्यहोर्ने गरी प्रस्ताव स्वोकृत गर्दा लाते छिरिङ सामुदायीक वन समुहलाई छनौट गरी घर निर्माणको लागत सहभागिता व्यहोरेको छ । समुहले प्रस्ताव पेश गर्दा लिखुपिके गा.पा.रु.१० लाख र उपभोक्ता समुहको रु.१४०,०००।- समेतको श्रोत उल्लेख गरेको पाइयो । भण्डार घर निर्माण स्थल वन समुहले व्यक्तिको जग्गामा वहालमा लिएको उल्लेख गरेको छ । कार्यक्रम संचालन कार्यविधिमा समुहले व्यक्तिको जग्गा भाडामा लिएर स्थायी संरचना निर्माण गर्ने व्यवस्था नभएकोमा उक्त घर निर्माण गरेको जग्गाको जग्गा धनि प्रमाण पुर्जा कार्यालयको नाममा नरहेकोले सोको प्रमाण पेश हुनुपर्ने रु.१०,००,०००।- | १,०००,००० |
| ६.२ | | | **खरिद कार्यको प्रतिस्पर्धा** :- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा टुक्रा टुक्रा गरी गर्न नहुने व्यवस्था छ । कार्यालयले प्रदेश वन तथा वातावरण मन्त्रालयवाट प्राप्त सल्लेरी सव डिभिजन अन्तर्गत दुध कुण्ड सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन योजना अन्तर्गत २०७९।२।१५ मा शौचालय, मन्दिर तथा अन्य निर्माण कार्य गर्न छुट्टा छुट्टै लागत अनुमान स्वीकृत गरी वन उपभोक्ता समिति मार्फत सोझै खरिद कार्यमा रु.९६०,०००।- भुक्तानी गरेको पाइयो । फरक फरक संरचना निर्माण गर्नु अघी उक्त कामको खरिद नियमावली २०६४ को नियम ५(क) वमोजिम नक्सा डिजायन स्वीकृत गरेको नपाइएको अनियमित खर्च रु.९६०,०००।- | ९६०,००० |
| ७ | | | **खर्चको पुष्ट्याई अवस्था** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **खरिदको विजक :-** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्नु अघी खर्च पुष्टि हुने प्रमाण कागजात पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खेचरवावु वास्तोलालाई स्थायी नर्सरी निर्माण कार्यक्रमको रकम पेश्की दिई कार्य गराएकोमा कामको लागत अनुमान Dry Stone Masonary wall समेत रहेको छ । निजले कार्य गराई पेश गरेको कामको नापी गर्दा Dry Stone Masonary wallfor retaining wall foundation २६.६९ घ.मी. को काम पुरा गरेको आधारमा ६२३७।३२ प्रती घ.मी. का दरले रु.१६६११६।- समेत दावी गरेकोमा ढुंगा खरिदको विजक रहेको पाइएन ।ढुंगा खरिद वेगर Masonary wall को भुक्तानी गरेको सम्बन्धमा लेखापरीक्षणको क्रममा औल्याउदा कार्यालय भवन नयाँ वनाउने क्रममा निकालिएको ढुंगा नै प्रयोग गरेको भन्ने भनाई रहेता पनि कार्यालयकै पुरानो ढुंगा प्रयोग गरी कर्मचारीले लिएको पेश्की वाट काम गराउदा ज्याला वाहेक पुरै Dry wall को प्रती घ.मी. कै दरवाट खर्च देखाई पेश्की फर्छयौट गरेकोले कामको दररेटमा रहेको ढुंगाको मुल्य यकिन गर्नुपर्दछ । ढुंगाको मुल्य वाहेकको मात्र भुक्तानी गरी वाकी पेश्की रकम भए नभएको यकिन गरी फिर्ता हुनुपर्ने प्रमाण वेगरको भुक्तानी रु.१६६११६।५९<br>**कार्यसम्पन्न र जांचपास :-** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्नुअघी सो खर्च पुष्टि हुने प्रमाण पुरा गरे नगरेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. ३९।२०७९।३।२१ वाट टाक्टोर सामुदायिक वन मा १६०० विरुवा वृक्षारोपणको कार्य देखाई रु.१,००,०००।- खर्च जनाएकोमा उक्त कार्यको कार्य सम्पन्न वेगर भुक्तानी गरेकोले उक्त काम सम्पन्न भएको जाँचपास तथा विरुवा रोपण खुलेको प्रमाण पेश हुनुपर्ने रु.१,००,०००।- | २६६,११६.५९ |
| ७.२ | | | **नर्मस भन्दा वढी भुक्तानी :-** आर्थिक कार्यविधी तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने कागजात पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सोताङ सव डिभिजन कार्यालयमा २५००० जडीबुटी विरुवा उत्पादनको लागि रमेश लुइटेलले लिएको पेश्की रकम फर्छयौर्ट गर्दा भौ.नं.११।२०७९।३।२२ नर्सरीमा विरुवा उत्पादनको लागी स्वीकृत नर्मस वमोजिम ३×७ साइज पोलीट्युव २० प्रतिशतले थप गर्दा ४५ केजी मात्र हुनेमा ५६ केजीको खर्च दावी गरेकोले नर्मस भन्दा वढी खर्च रकम असुल हुनुपर्ने रु.४३४५।-<br>खेचर वावु वास्तोलाले ५०००० जडिवुटी विरुवा उत्पादनको पेश्की फर्छयौट गर्दा विरुवा (उत्पादनको लागि) ३×७ साइज पालिव्याग खरिद वापत ११२ केजीको रकम दावी गरेकोमा नर्मस वमोजिम (२० प्रतिशत थप समेत) ९० केजी मात्र आवश्यक हुने भएकोले बढी खरिद दावीको रकम रु.८६९०।- असुल हुनपर्ने रु.८६९०।- | १३,०३५ |
| ८ | | | **विरुवा रोपण तथा नर्मसको पालना** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८.१ | | | **पुनरोपण खर्चको प्रमाण :-** स्वीकृत कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको कार्यविधि पुरा गर्नु पर्ने व्यस्था छ । कार्यालयले गत वर्ष वृक्षारोपण गरिएको सामुदायिक वनमा यो वर्ष पुन रोपण कार्य गराउदा सम्बन्धित सब डिभिजन मार्फत स्थलगत प्रतिवेदन लिई विरुवा रोपण कार्यक्रम संचालन गरेको छ । यस सम्बन्धमा देखिएका व्यवहोरा :-<br><br>• पताले सव डिभिजनले संसारी दान्दु सामुदायिक वनमा ५० प्रतिशत विरुवा मरेको सिफारिस गरेको<br>• पुनरोपण कार्यको लागत इष्टिमेट समेत कामको वाडफाड गर्दा घेरावारको काम समुहतर्फ छुट्याएकोमा कुनै पनि समुहले घेरावारको कार्य पुरा नगरी भुक्तानी गरेको<br>• पुनरोपणसम्बन्धी कामको फोटो प्रमाण समावेश नगरी भुक्तानी गरेको<br><br>**पुनरोपण खर्चको प्रमाण :-** स्वीकृत कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको कार्यविधि पुरा गर्नु पर्ने व्यस्था छ । कार्यालयले गत वर्ष वृक्षारोपण गरिएको सामुदायिक वनमा यो वर्ष पुन रोपण कार्य गराउदा सम्बन्धित सब डिभिजन मार्फत स्थलगत प्रतिवेदन लिई विरुवा रोपण कार्यक्रम संचालन गरेको छ । यस सम्बन्धमा देखिएका व्यवहोरा :-<br><br>• पताले सव डिभिजनले संसारी दान्दु सामुदायिक वनमा ५० प्रतिशत विरुवा मरेको सिफारिस गरेको,<br>• पुनरोपण कार्यको लागत इष्टिमेट समेत कामको वाडफाड गर्दा घेरा वारको काम समुहतर्फ छुट्याएकोमा कुनै पनि समुहले घेरावारको कार्य पुरा नगरी भुक्तानी<br>• गरेको<br>• पुनरोपणसम्बन्धी कामको फोटो प्रमाण समावेश नगरी भुक्तानी गरेको छ ।<br><br>नेले सव डिभिजन वन कार्यालय अन्तर्गतको चिण्डेपातल सामुदायिक वनमा २०७७।७८ मा १ हेक्टर क्षेत्रफलमा विरुवा रोपण गरी खर्च भएकोमा यस वर्ष पुनरोपणमा ६५० विरुवा रोपण गरी रु.५००००।- खर्च गरेको छ । सोही सामुदायिक वनमा यो वर्ष पुन १ हेक्टरमा नयाँ वृक्षारोपण गराउन रु.१६०२४० ।- को लाई स्वीकृत गरी रु.१०००००।- भुक्तानी गरेको पाइयो । समुहको वन कार्य योजनामा वृक्षारोपण गर्न सकिने थप क्षेत्रफल उल्लेख नभएको र गत वर्ष रोपण गरिएको क्षेत्र भन्दा फरक क्षेत्रमा वृक्षारोपण कार्य भएको देखिने फोटो तथा अन्य प्रमाणवाट पुष्टि नभएकोले सो सम्बन्धमा पुन यकिन गरी नयाँ क्षेत्रमा वृक्षारोपण कार्यको प्रमाण पेश हुनुपर्ने रु.१०००००।- | १००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८.२ | | | **कार्यक्रम संचालन स्थिती :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण सम्बन्धी कार्य गराई विल भुक्तानी गर्नु अघि सम्झौताको शर्त पुरा गर्नुपर्ने व्यस्था छ । कार्यालयले विभिन्न वन उपभोक्ता समुहसंग वृक्षारोपणको कार्य गराउदा वृक्षारोपण गरिएको स्थलमा घेरावार समेतको आइटम समेत समावेश गरेकोमा कामको भुक्तानी गर्दा घेरावारको आइटमको कार्य नहुदै कार्य सम्पन्न तयार गरी सम्झौताको रकम भुक्तानी गर्ने गरेको पाइयो । नमूना छनौट गरी परीक्षण गरिएकोमा प्रदेश हरित अभियान तर्फको कार्यक्रमवाट ५ सामुदायिक वनका उपभोक्ता संगको सम्झौतामा गरिएको वृक्षारोपण कार्यमा रु.१००००।- को घेरावार कार्य समितिले व्यहोर्ने गरी गरेकोमा सो कार्य नगरेकोमा समेत सम्झौता वमोजिमको पुरै रकम भुक्तानी गरेको छ । सम्झौतामा रहेका सवै कार्य पुर गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।<br>**नर्मसको पालना :-** विरुवा उत्पादन सम्बन्धी कृयाकलाप संचालन गर्दा स्वीकृत नर्मसमा तोकिएको कृयाकलापको आधारमा लागत अनुमान तयारी स्वीकृत गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विरुवा उत्पादन सम्बन्धी स्वीकृत नर्मसमा कामको लागत अनुमान तयार गर्दा उत्पादनको स्वीकृत नर्मसको आधारवाट अन्य आइटम (मालसामान र ज्यामी)हरुको लागत गणना गरी स्वीकृत गरेको छ । विरुवा उत्पादनको लागि नर्सरी स्थापना तथा अन्य कार्य गर्दा कर्मचारीलाई पेश्की दिई अमानतमा कार्य गराई खर्च गरेको छ ।विभिन्न सव-डिभिजन तथा जिल्ला स्थित नर्सरीमा १ वर्षे र वहुवर्षे विरुवा उत्पादन लागतमा स्वीकृत नर्मसको २० प्रतिसत थप गरिएको आधारवाट खर्च गरेकोमा विरुवा उत्पादनलाई २०% थप नगरी लक्ष्यको संख्या मात्र उत्पादन गरेको छ ।नमूना छनौट गरी परिक्षण गरिएकोमा नर्मसमा तोकिएको आधार भन्दा अन्य खर्च तर्फ २० प्रतिशत थप गरी खर्च गरेकोमा थप विरुवा उत्पादन नगरी रु.२४१५०००।- खर्च भएको अवस्था देखिएकोले स्वीकृत नर्मसको आधारमा २० प्रतिशत थप खर्च गर्दा विरुवा उत्पदान लक्ष्य समेत थप गरी वढी विरुवा उत्पादन गर्नुपर्दछ । | |
| ९ | | | **जमानतको अवधी**<br>**कार्यसम्पादन जमानत:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण कार्यको ठेक्का सम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानतको अवधि सो कामको गुटी सच्याउने अवधी भन्दा १ महिना वढी अवधीको हुनुपर्ने व्यवस्था छ । कार्यालय भवन निर्माण गर्ने व्यवसायी स्वर्णीम सोलु कन्ट्रक्सनले पेश गरेको रु.१५०,०००।- को कार्य सम्पादन जमानतको अवधी २०७९ जेठ सम्म मात्र रहेकोमा मस्यौदा प्रतिवेदन उपलब्ध गराएपछी म्याद थप गरी प्रमाण पेश भएको छ । नियममा तोकिए बमोजिमको अवधी रहेको जमानत पत्र लिएर मात्र सम्झौता गरी कार्य गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **पारिश्रमिक करः**<br>आयकर ऐन २०५८को दफा ८७मा पारीश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ।निम्न कर्मचारीहरुको पारिश्रमिक कर घटि कट्टि भएकोले असुल गरि दाखिला गर्नुपर्ने रु | २७,६९७ |

| पद | नाम | कुल आय | कर योग्य आय | कर रकम | कर कट्टि गरको | वाँकि कर |
|---|---|---|---|---|---|---|
| अधिकृत आठौ | बद्री प्रसाद पौडेल | ८४८०८२ | १२९०६५ | १५८१३ | ५९०४ | ९९०९ |
| अधिकृत आठौ | आनन्द चौधरी | ७७८८४५ | ९७२८० | ९७२८ | ३२४० | ६४८८ |
| अधिकृत सातौ | सत्यराम प्रजापती | ८००८१० | ११५४७५ | १३०९५ | ६२६७ | ६८१९ |
| अधिकृत सातौ | मनोज कुमार महतो | ७७३६८६ | ५२६०३ | ५२६० | ३७६८ | १४९२ |
| अधिकृत सातौ | असोक कुमार जैसवाल | ७२७५७० | १३६९४७ | १७३८९ | १४४०० | २९८९ |
| जम्मा | | | | | | २७६९७ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **मू अ कर मा दर्ता नभएको संग खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसार खरिद गर्दा मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेकोमा अग्रिम रुपमा कार्यदिश दिइ सामान उधारो माग गरेको र पछि एकमुष्ठ विल प्राप्त भएको आधारमा भुक्तानी गरेको प्रतिकृया मस्योदा उपलव्ध दिएको भएतापनि नियमानुसार मु अ कर दर्ता वाट मात्र खरिद कार्य गर्नु पर्दछ। | |

| भौचर नं र मिति | फर्म को नाम | विवरण | रकम |
|---|---|---|---|
| ९३।२०७९।३।१३ | इ जि अर्डर सप्लायर्स | कार्यालय सामाग्रि खरिद | ३५८०० |
| ९३।२०७९।३।१३ | दिपेश स्टेशनरी एण्ड अर्डर सप्लायर्स | कार्यालय सामाग्रि खरिद | १३०३०० |
| ९३।२०७९।३।१३ | कस्मिक कम्प्युटर | मेशिन औजार मर्मत | ९६००० |
| जम्मा | | | २६२१०० |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>फाजिल कर्मचारीः<br>स्विकृत दरवन्दी भित्रका कर्मचारिहरुलाइ मात्र तलव भत्ता भुक्तानी गर्नु पर्दछ। कार्यालयले निम्न फाजिलमा रहेका कर्मचारी हरुलाइ तलव भत्ता बापत रु १३८८२४७ भुक्तानी गरेको पाइयो।कर्मचारीहरुको सम्वन्धित कार्यालयमा पदस्थापन हुनु पर्दछ।
<table>
<tr><td>पद</td><td>नाम</td><td>माशिक तलव भत्ता</td><td></td></tr>
<tr><td>रा प अनं दितिय</td><td>रमेश कुमार लुइटेल</td><td>४२९५९</td><td>३८६६३१</td></tr>
<tr><td>रा प अनं दितिय</td><td>मेनुका आचार्य</td><td>४२९५९</td><td>३८६६३१</td></tr>
<tr><td>रा प अनं दितिय</td><td>कविता राइ</td><td>४४००८</td><td>५२८०९६</td></tr>
<tr><td></td><td>चाडपर्व खर्च</td><td></td><td>९५३७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३९६७२८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>जग्गा उपयोग र सम्झौताको पालना</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>उत्पादन तथा वितरण विवरण:- आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(४) मा पेश्की लिने व्यक्तिले काम सम्पन्न भएको १५ दिन भित्र सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने विल, भर्पाई र कागजात सहितको प्रतिवेदन सम्बन्धीत कार्यालयमा वुझाउनुपर्ने व्यस्था छ ।कार्यालयले सव डिभिजन कार्यालय अन्तर्गत जडिवुटी विरुवा उत्पादन गर्न नर्सरी स्थापना तथा विरुवा उत्पादन समेतको कार्य गर्ने गरी सव डिभिजनका प्रमुखलाई पेश्की दिई अमानत वाट कार्य गराई खर्च गरेको छ । नर्सरीमा विरुवा उत्पादनको लागि खरिद गरिएका मालसामान र विउ तथा ज्यामीज्यालाको भर्पाई समावेश गरी पेश्की रकम फर्छ्यौट गरेको पाइयो । वार्षिक कार्यक्रममा विरुवा उत्पादन र वितरणको लक्ष्य रहेकोमा मालसामान र विउ तथा विरुवा खरिद मात्रको विल भर्पाईवाट खर्च जनाएकोमा उक्त नर्सरीवाट तोकिएको संख्यामा तोकिएका (एकवर्षे, वहुवर्षे) विरुवा स्वीकृत लक्ष्य अनुसार उत्पादन भएको र विरुवाहरु तोकिएको प्रकृया पुरा गरी वितरण र वाकी तथा वितरीत विरुवाको रोपण अवस्था खुलको प्रतिवेदन पेश नभएकोले लक्ष्य अनुसारको कार्य पुरा गरी खर्च भएको सुनिश्चित हुने प्रमाण पेश हुनुपर्ने रु.७५०,०००।-
<table>
<tr><th>सवडिभिजन</th><th>पेश्की लिने कर्मचारी</th><th>लक्ष्य राखिएको विरुवा</th><th>खर्च रकम</th></tr>
<tr><td>सोताङ सव डिभिजन</td><td>रमेश लुइटेल</td><td>२५०००</td><td>३७५०००</td></tr>
<tr><td>नेले सव डिभिजन</td><td>मेनका आचार्य</td><td>२५०००</td><td>३७५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>७50000।-</td></tr>
</table></td><td>७५०,०००</td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>सम्झौता र वन क्षेत्र उपयोग :- पूर्वाधार निर्माण र उपयोगको लागि राष्ट्रिय वनको प्रयोग गर्दा सम्झौताको शर्त पुरा गर्नुपर्ने गरी तोकिएको छ । नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने सम्बन्धी व्यवस्था नेपाल सरकार मन्त्रीपरिषदवाट निर्णय हुने गरेको छ । मन्त्रीपरिषदको निर्णयको आधारमा वन विभाग तथा सम्बन्धीत आयोजना विच जग्गा उपयोग, र अवधी, कटान गरिने रुख विरुवा तथा सो को क्षतिपुर्ती वृक्षारोपण, र स्याहार संभार अवधी, वन क्षेत्रको रेखाङ्कन, जग्गा लिने प्रयोजन, करार अवधी सट्टाभर्ना जग्गा उपलब्ध गराउने समेतको शर्तसहित सम्झौता हुने गरेको आधारमा रुख विरुवा कटानको कार्य हुदै आएको छ । साविकमा वन मन्त्रालय मातहत रहेका जिल्ला वन कार्यालयहरु प्रदेश सरकारको गठन पश्चात प्रदेश सरकार मातहत हस्तान्तरण भएको र हाल वन क्षेत्रको उपयोग र सो सम्बन्धी सम्झौताको कार्यान्वयन गराउने दायित्व समेत डिभिजन वन कार्यालयकै हुने अवस्थामा यस जिल्ला अन्तर्गत ४ सामुदायिक वनको २२.८८ हेक्टर तथा ६ स्थानीय तहमा रहेका राष्ट्रिय वन क्षेत्रको ३५.९५८७ जग्गा ८ वटा हाइड्रोपावर कम्पनी र</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सोलुदुधकुण्ड न.पा.ले सडक खोल्ने कामको लागि उपयोग गर्ने सम्झौता भई जग्गा उपलब्ध गराएको पाइयो । वन विभाग र सम्बन्धित आयोजना तथा स्थानीय तह विच भएका सम्झौता अनुसार ११३.८७ हेक्टर क्षेत्रफलमा १८२१६७ वटा विरुवाहरु रोपण गर्नुपर्ने गरी व्यवस्था भएको छ । सम्झौतामा आयोजनाहरुले वृक्षारोपण गरी ५ वर्स सम्म स्याहार सम्भार गर्नुपर्ने समेतको शर्त रहेको भएता पनि निम्नानुसारका हाइड्रोपावर कम्पनीहरु सँग भएको सम्झौता अवधी लेखापरीक्षण सम्म ५ वर्ष पुरा भई सकेको पाइयो । | |

| हाइड्रोपावरको नाम | सम्झौता मिति | जग्गा उपयोग करार अवधी | प्रयोजन |
|---|---|---|---|
| दोभान हाइड्रोपावर | २०७१।१०।२२ | ३४ वर्ष | विद्युत उत्पादन |
| नुम्वुर हिमालय हाइड्रोपावर | २०७४।१।२१ | ३० वर्ष | विद्युत उत्पादन |
| पान हिमाल इनर्जी | २०७४।१।२१ | ३० वर्ष | विद्युत उत्पादन |
| अप्पर सोलु हाइड्रो इलेक्ट्रिक | २०७४।७।२७ | २२ वर्ष | विद्युत उत्पादन |
| वेनी हाइड्रोपावर | २०७४।७।२७ | ३० वर्ष | विद्युत उत्पादन |
| साहस उर्जा लिमिटेड | २०७४।७।२७ | ३० वर्ष | विद्युत उत्पादन |
| साहस उर्जा लिमिटेड | २०७४।७।२७ | २३ वर्ष | प्रसारण लाइन |

डिभिजन वन कार्यालयवाट प्राप्त विवरण अनुसार उपरोक्तानुसारका हाइड्रोपावर कम्पनीहरुले यो वर्ष सम्म वृक्षारोपण नगरेको देखियो । यसै गरी नेपाल विद्युत प्राधिकरण सोलु करिडोर प्रशारण लाइनलाई २०७५।४।१२ मा २५ वर्ष सम्मलाई उपलब्ध गराइएको जग्गाको क्षतिपुर्ती वृक्षारोपण गर्नुपर्ने कार्य समेत हाल सम्म पुरा गरेको पाइएन । सम्झौता अनुसार राष्ट्रिय वनको जग्गा प्राप्त गर्ने आयोजनाले सम्झौतामा तोकिए वमोजिमको क्षेत्रफलको सट्टाभर्ना जग्गा समेत खरिद गरी डिभिजन वन कार्यालयलाई वुझाउनुपर्ने व्यस्था भएकोमा पान हिमालय इनर्जी, नेपाल विद्युत प्राधिकरण, नुम्वर हिमालय हाइड्रोले, सट्टाभर्ना जग्गा नबुझाएको विवरणवाट देखिएको छ । सम्झौताका शर्तहरु कार्यान्वयन नभई विद्युत उत्पादन र प्रशारण कार्य गर्ने विभिन्न कम्पनीहरु र प्राधिकरणलाई सम्झौता अन्तर्गत कार्य पुरा नगरी सम्झौता उल्लंघन भएको अवस्थामा समेत थप कारवाही नगरी कार्य संचालन गर्न दिएको सम्बन्धमा तालुक निकाय (मन्त्रालय) वाट अनुगमन र छानविन गरी शर्त वमोजिमका सवै कार्य पुरा गराउनु पर्दछ ।

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन<br>अनुगमन प्रतिवेदन:- आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नु अघि रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामुदायिक वनको अनुगमन निरीक्षण गरेवापत सव डिभिजनका प्रमुखहरुलाई रु.३५०००।- का दरले अनुगमन भत्ता भुक्तानी गरेकोमा अनुगमन निरीक्षणको विवरण सहितको प्रतिवेदन तयार गरी प्रतिवेदन बुझाएको नपाइएकोले उक्त कामको प्रतिवेदन पेश हुनुपर्ने रु.१४०,०००।-
<table>
<tr><td>कार्यालय</td><td>नाम थर</td><td>रकम</td></tr>
<tr><td>नेले सव डिभिजन कार्यालय</td><td>मेनका आचार्य</td><td>३५०००।-</td></tr>
<tr><td>सोताङ सव डिभिजन कार्यालय</td><td>रमेश प्रसाद लुइटेल</td><td>३५०००।-</td></tr>
<tr><td>सल्लेरी सव डिभिजन कार्यालय</td><td>आनन्द चौधरी</td><td>३५०००।-</td></tr>
<tr><td>पत्ताले सव डिभिजन कार्यालय</td><td>सत्यराज प्रजापती</td><td>३५०००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१४०,०००।-</td></tr>
</table></td><td>१४०,०००</td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | अनुगमन तथा संपरीक्षण<br>**अनुगमन तथा सम्परीक्षण**<br>कार्यालयले डोर समक्ष गत विगतको अद्यावधिक वेरुजुको विवरण पेश नगरेकोले हाल सम्मको वेरुजूको अवस्था उल्लेख गर्न सकिएन ।<br>डोर समक्ष२०७६।७७ को निम्नानुसारको वेरुजू फस्र्योंट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फस्र्योंट मनासिव देखिएकोले सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजुदफानं. | वेरुजुरफर्छैटकोसंक्षिप्तव्यहोरा | फछर्यौटकोआधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| | २०७६।<br>७७ | ३ | असुल भई फर्छयौट | ४९५५६ | | | | ४९५५६ |
| | २०७६।<br>७७ | ४ | असुल भई फर्छयौट | २३८५ | | | | २३८५ |